# स्थानीय राजपत्र

खण्डः २ कीर्तिपुर, साउन १ गते, २०७७ साल संख्या ३


**भाग-३**

**कीर्तिपुर नगरपालिका**

**संवत २०७७ सालको ऐन नं. ३**

## कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको ऐन,

प्रस्तावना : कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कीर्तिपुर नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यसको नाम **"कीर्तिपुर नगरपालिका सहकारी (पहिलो संशोधन) ऐन, २०७७ "** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कीर्तिपुर नगरपालिका सहकारी ऐन, २०७४ को दफा ९ उपदफा (१) (क) मा संशोधनः** मूल ऐनको दफा (९) उपदफा (१) (क) को सट्टा देहायको उपदफा (१) (क) राखिएको छ ।

"बचत तथा ऋणको कारोवार गर्ने संस्थाको हकमा एक वडा, तर महिला वा सिमान्तकृत वर्ग समेटिएको सहकारीका हकमा तीन वटा वडा सम्म समेट्न सकिनेछ," भन्ने राखिएको छ ।

३. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छ ।

"देशको सम्वृद्धिसंग सम्वन्धीत पूर्वाधार निर्माण योजनाका लागि गठित सहकारीहरुलाई पर्यटन, उर्जा, यातायात, कृषि उद्योग, शिक्षा, संचार, भौतिक पूर्वाधार निर्माण परियोजनामा प्रस्तावित

कार्ययोजना र साधारण सभाको निर्णयका आधारमा प्राथमिक पूँजीको १० प्रतिशतसम्म लगानी गर्न सकिनेछ । साथै विशष्टिकृत सहकारी संघको ढाँचामा संघीय कानून अनुसार लगानी गर्न सक्नेछ ।”

४. **मूल ऐनको दफा २० मा संशोधनः** मूल ऐनको दफा २० उपदफा (१) मा रहेको “अठार वर्ष” भन्ने शव्दहरुको सट्टा “सोह्र वर्ष” भन्ने शव्दहरु राखिएका छन् ।

५. **मूल ऐनको दफा ३० मा संशोधनः** मूल ऐनको दफा ३० उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छ ।

“सहकारी संस्थामा साधारण सभावाट निर्वाचित एक संचालक समिति रहनेछ । तर एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटक भन्दा वढी संचालक पदाधिकारी (संचालक सदस्य वाहेक अन्य) हुन पाउने छैन”

६. **मूल ऐनको दफा ३१ मा संशोधनः** मूल ऐनको दफा ३१ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छ ।

“समितिले आफ्नो कार्यावधि समाप्त हुने आ.व.को पौष महिना भित्र वा आफ्नो कार्यकाल समाप्त हुने एक महिना अघि जुन पहिला हुन्छ त्यहि समयमा अर्को समितिहरुको निर्वाचन गराउनु पर्नेछ ।”

७. **मूल ऐनको दफा ३९ मा संशोधन तथा थपः** (१) मूल ऐनको दफा ३९ को उपदफा (१) सट्टा देहायको उपदफा (१) राखिएको छ ।

“संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नविकरण शुल्कमा तोकिए वमाजिमको सीमा नाघ्न पाईने छैन ।”

(२) मूल ऐनको दफा ३९ को उपदफा (३) मा रहेको “१० गुणासम्म” भन्ने शव्दहरुको सट्टा “१५ गुणासम्म” भन्ने शव्दहरु राखिएका छन् ।

(३) मूल ऐनको दफा ३९ मा देहाय वमोजिमको उपदफा (९) थप गरिएको छ ।

“संस्थामा सदस्य रहेका अभिभावकको संरक्षकत्वमा सदस्य नभए पनि बाल वचत कर्ताको नाममा निक्षेप कारोवार गर्न सकिनेछ ।”

८. **मूल ऐनको दफा ४१ मा संशोधनः** मूल ऐनको दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छ ।

“संस्थामा सदस्यको व्यक्तिगत वचतको सीमा संस्थाको बचत नीति वमोजिम हुनेछ ।”

९. **मूल ऐनको दफा ५० मा संशोधनः** (१) मूल ऐनको दफा ५० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

"उपदफा (१) वमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए वमोजिम उपयोग गर्न सकिनेछ । तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशत भन्दा वढी हुने छैन ।"

(२) मूल ऐनको दफा ५० को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ ।

"उपदफा (१) को सामाजिक उत्तरदायित्व कोषको कार्यक्रम र खर्च विवरण सहकारी शाखा तथा सम्वन्धीत वडा कार्यालयलाई समेत जानकारी गराउनु पर्नेछ ।"

१०. **मूल ऐनको दफा ५२ मा संशोधनः** मूल ऐनको दफा ५२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

"देहायका विवरणहरु सहितको प्रतिवेदन आ.व.समाप्त भएको छ महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ । साथै कीर्तिपुर नगरपालिका भन्दा वाहिरको समेत कार्य क्षेत्र भएका कीर्तिपुर नगरपालिका भित्र कार्यालय संचालन रहेका वा सेवा केन्द्र संचालन गरिरहेका संस्थाहरुले समेत आफ्नो साधारण सभाको विवरण र ६ महिनामा एक पल्ट विवरण अद्यावधिक गरी पेश गर्नु पर्ने छ ।"

११. **मूल ऐनमा दफा ५६ उपदफा (५) थपः** मूल ऐनको दफा ५६ मा देहायको उपदफा (५) थपिएको छ ।

"साधारण सभावाट नियुक्त लेखा परीक्षकको मृत्यु भएको वा निज नेपालमा नभएको, तोकिएको कानून वमोजिम लेखा परीक्षण गर्न नमिल्ने भएको भनि कारण खोली सम्वन्धीत लेखा परीक्षकले लिखित जानकारी गराएकोमा अर्को लेखा परीक्षक नियुक्त गर्नु पर्ने भएमा साधारण सभावाट तोकिएको पारिश्रमिकमा वढोत्तरी नगरी पछि साधारण सभावाट अनुमोदन गर्ने गरी संचालक समितिले अर्कोलाई नियुक्ति दिन सक्नेछ ।"

१२. **मूल ऐनको दफा ६२ मा संशोधन**ः (१) मूल ऐनको दफा ६२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ ।

"संस्था वा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनका लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राख्न दर्ता गर्ने अधिकारीले सम्वन्धित निकायमा लेखि पठाउन सक्नेछ ।"

(२) मूल ऐनको दफा ६२ उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

"उपदफा (१) वमोजिम रोक्काको लागि लेखि आएमा सम्वन्धित निकायले प्रचलित कानून वमोजिम त्यस्तो व्यक्तिको खाता जायजेथाको स्वामित्व हस्तान्तरण नामसारी वा विक्री गर्न नपाउने गरी रोक्का राखी दिनु पर्नेछ।"

१३. **मूल ऐनमा दफा ६५ उपदफा (४) र (५) थपः** (१) मूल ऐनको दफा ६५ मा देहाय वमोजिम उपदफा (४) थपिएको छ।

"संस्था एकिकरणमा प्रोत्साहन, छुटको व्यवस्था तोकिए वमोजिम हुनेछ।"

(२) मूल ऐनको दफा ६५ मा देहाय वमोजिम उपदफा (५) थपिएको छ।

"दुई वा दुई भन्दा वढी सहकारी वा सरकारी निकाय वा व्यक्ति वा निजी कम्पनीहरु समेत एक आपसमा मिलि साझेदारीमा व्यावशाय, उद्योग वा परियोजना संचालन गर्न सक्ने छ। तर संचालन पूर्व विस्तृत परियोजना प्रस्ताव आ-आफ्नो साधारण सभावाट स्विकृत गराई दर्ता गर्ने अधिकारीवाट अनुमति लिनु पर्नेछ।"

१४. **मूल ऐनमा दफा १०२ थपः** (१) मूल ऐनमा देहाय वमोजिम दफा १०२ थपिएको छ। "नगरपालिका क्षेत्र भरको कार्य क्षेत्र भएका र नगरपालिका भित्र मुख्य कार्यालय भएका सहकारी संस्थाहरु सम्मिलित भई कीर्तिपुर नगर स्तरमा एक वटा सहकारी संघ/सञ्जाल गठन गर्न सकिनेछ।"

१५. **मूल ऐनको अनुसूची-२ मा संशोधनः** (१) मूल ऐनको अनुसूची-२ मा "संस्था" भन्ने शव्दको सट्टा "संस्था/संघ" भन्ने शव्दहरु राखिएका छन्।

प्रमाणिकरण मितिः- २०७७/०४/०१

आज्ञाले
(ध्रुवराज आचार्य)
प्रमुख प्रशासकीय अधिकृत